**स्थानीय राजपत्र**

**चन्द्रपुर नगरपालिका द्वारा प्रकाशित**

**खण्ड: १०** | **संख्या: २** | **मिति: २०८३/०४/०८**

**भाग -१**

# चन्द्रपुर नगरपालिकाको शिक्षा ऐन २०७९ (पहिलो संसोधन २०८३)

**स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चन्द्रपुर नगरपालिकाको नगर कार्यपालिकाले पेश गरी नगर सभावाट स्विकृत गरेको ऐन सर्वसाधरणको लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकासन गरीएको छ।**

नगर सभामा पेश भएको मिति : २०८३/०३/१०
नगर सभाबाट स्वीकृत भएको मिति : २०८३/०४/०७
प्रमाणिकरण गरीएको मिति : २०८३/०४/०७
राजपत्रमा प्रकाशीत मिति : २०८३/०४/०८

**प्रस्तावना:** चन्द्रपुर नगरपालिकाको शिक्षा व्यवस्थापनलाई थप व्यवस्थित, सर्वसुलभ, गुणस्तरीय तथा प्रभावकारी बनाउनका लागि चन्द्रपुर नगरपालिकाको शिक्षा ऐन, २०७९ मा समयसापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले चन्द्रपुर नगर सभाले यो पहिलो संशोधन ऐन बनाइ जारी गरेको छ।

**संशोधन सम्बन्धी कानूनी व्यवस्थाहरू:**

१. दफा ५ को उपदफा (१) मा रहेको **"नगर शिक्षा समितिको राय लिई"** भन्ने वाक्यांश हटाइएको छ।

२. दफा १६ को उपदफा (३) को खण्ड (क) मा रहेको **"नगर शिक्षा अधिकारी"** को सट्टामा **"उपप्रमुख"** भन्ने शब्द राखिएको छ र सोहि उपदफाको खण्ड (घ) मा रहेको **"अधिकृत"** भन्ने शब्दको सट्टा **"प्रमुख"** भन्ने शब्द राखिएको छ ।

३. दफा १७ को उपदफा (२) **खारेज गरिएको छ।**

४. दफा १८ मा रहेको **"नगर शिक्षा अधिकारी"** को सट्टामा **"शिक्षा युवा तथा खेलकूद शाखा"** राखिएको छ। त्यसपछि **"उक्त शाखाले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन र जानकारीमा देहायका काम गर्नेछ"** भन्ने वाक्यांश थप गरिएको छ।

५. दफा १८ को खण्ड (ङ), (च), (छ), (झ), (ञ), (ट), (ठ) र (ड) **हटाइएको छ।**

६. दफा १९ को उपदफा (१) को खण्ड (ज) मा **"नगर शिक्षा अधिकारी"** को सट्टा **"प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा, युवा तथा खेलकूद शाखाको अधिकृत स्तरको कर्मचारी"** भन्ने वाक्यांश राखिएको छ।

७. दफा १९ को उपदफा (४) मा रहेको नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार पछाडी **"नगर शिक्षा समितिले देहायका विषयमा अध्ययन गरि नीति निर्माण र कार्यान्वयनका लागि नगर कार्यपालिकालाई सुझाव दिनेछ"** भन्ने वाक्यांश राखिएको छ।

८. दफा १९ को उपदफा (४) को खण्ड (न), (य), (र), (ल), (व), (श) र (२) **हटाइएको छ।**

९. दफा २० को उपदफा (१) मा रहेको **"कम्तिमा दुई महिनामा एकपटक"** को सट्टामा **"एक बर्षमा कम्तिमा दुईपटक"** भन्ने शब्दावली राखिएको छ।

१०. दफा २२ **खारेज गरिएको छ।**

११. दफा २४ को उपदफा (१) को सट्टामा देहायको अवस्थामा नगर शिक्षा समितिले बिद्यालय व्यवस्थापन समिति विघटन गर्न कार्यपालिकालाई सिफारिस गरेमा कार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछः- भन्ने वाक्यांश राखिएको छ।

१२. दफा २४ को उपदफा (२) मा रहेको **"नगर शिक्षा समितिले"** भन्ने शब्दावलीको सट्टा **"नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले"** भन्ने शब्दावली राखिएको छ।

१३. दफा ३२ को उपदफा (१) मा रहेको व्यवस्थालाई संशोधन गरी **"संस्थागत विद्यालयहरुले कक्षागत रुपमा भर्ना भएका विद्यार्थी संख्याको कम्तिमा दस प्रतिशत विद्यार्थीहरुलाई तोकिएबमोजिम समावेशी सिद्धान्तको आधारमा पूर्ण निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ।"** भन्ने वाक्यांश राखिएको छ।

१४. दफा ३२ को उपदफा (२) मा रहेको व्यवस्थालाई संशोधन गरी **"नगरपालिकाले प्रतिस्पर्धाको आधारमा उपदफा (१) बमोजिमको छात्रवृत्ति पाउने विद्यार्थी छनौट गरी सम्बन्धित संस्थागत विद्यालयलाई सिफारिस**

**गर्नेछ। नगरपालिकाले आवश्यक ठानेमा सम्बन्धित संस्थागत विद्यालयलाई उपदफा (१) बमोजिम छात्रवृत्ति प्रदान गर्न निर्देशन दिन सक्नेछ।"** भन्ने वाक्यांश राखिएको छ।

१५**.** दफा ३५ मा रहेको **"नगर शिक्षा समिति"** को सट्टा **"कार्यपालिका"** भन्ने शब्द राखिएको छ।

१६**.** दफा ४० को उपदफा (२) मा रहेको **"नगर शिक्षा समिति"** को सट्टा **"कार्यपालिका"** भन्ने शब्द राखिएको छ।

१७. दफा ४० को उपदफा (३) लाई संशोधन गरी **"नगरपालिकाभन्दा बाहिरको स्थानीय तहको विद्यालयमा सरुवा भई जान चाहने शिक्षकलाई पदाधिकार रहेको विद्यालय व्यवस्थापन समिति र सरुवा भई जान चाहेको स्थानीय तहको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा सहमति दिन सक्नेछ।"** भन्ने वाक्यांश राखिएको छ।

१८. दफा ४० को उपदफा (५) मा रहेको **"नगर शिक्षा समिति"** को सट्टा **"नगरपालिका"** भन्ने शब्द राखिएको छ।

१९**.** दफा ४२ **खारेज गरिएको छ।**

२०. दफा ४७ मा रहेको **"नगर शिक्षा समिति"** को सट्टामा **"नगरपालिका"** भन्ने शब्द राखिएको छ।

आज्ञाले
बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत